# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र


| खण्डः९ | संख्याः १८ | प्रमाणिकरण मितिः २०८३/०२/२२ |
|---|---|---|


भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

## जीतपुरसिमरा उपमहानगरपालिका शहरी सामुदायीक सहयोग कोष कार्यविधी, २०८३

**प्रस्तावना:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यक्षेत्रभित्र रहेका शहरी समुदायको सामाजिक, आर्थिक तथा भौतिक विकासमा समुदायको सहभागिता अभिवृद्धि गर्ने, समुदायमा आधारित विकास कार्यक्रम सञ्चालन गर्ने, विपन्न तथा लक्षित वर्गको जीवनस्तर सुधार गर्ने, सामुदायिक पूर्वाधार निर्माण, संरक्षण तथा व्यवस्थापनमा सहयोग पुऱ्याउने तथा शहरी सामुदायिक सहयोग कोषको सञ्चालन, व्यवस्थापन, परिचालन, अनुगमन तथा लेखापरीक्षणलाई व्यवस्थित, पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम "शहरी सामुदायिक सहयोग कोष सञ्चालन कार्यविधि, २०८३" जारी गरेको छ ।

### परिच्छेद–१
### प्ररम्भीक

**१. संक्षिप्त नाम र विस्तार :-**

क) यो कार्य बिधीको नाम " जीतपुरसिमरा उपमहानगरपालिका शहरी सामुदायीक सहयोग कोष कार्यविधी, २०८३" रहनेछ ।

ख) यो कार्यविधी जीतपुरसिमरा उपमहानगरपालिका शहरी सामुदायीक सहयोग कोष र यस अन्तर्गतको योजनाहरुमा मात्र लागु हुनेछ ।

ग) यो कार्यविधी कार्य समितीको निर्णय पश्चात तुरुन्त लागु हुनेछ ।

**१.२ परिभाषा :- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

क. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा लाई जनाउने छ ।

जीतपुरसिमरा उपमहानगरपालिका

ख. "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई जनाउने छ ।

ग. "कोष" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका शहरी सामुदायीक सहयोग कोष लाई जनाउने छ ।

घ. "संचालक समिती" भन्नाले कोषको संचालक समितीलाई जनाउने छ ।

ङ."लक्षित सामुदाय" भन्नाले यस कोषको विनीयमावलीको धारा ३.१ मा उल्लेखित व्यक्ति, समुह तथा सामुदायलाई जनाउने छ ।

च. "सचिवालय" भन्नाले कोषको संचालक समितीको सदस्य सचिवलाई जनाउने छ ।

## परिच्छेद–२
## उद्देश्यहरु

**२ शहरी सामुदायीक सहयोग कोष निम्न लिखित मुख्य उद्देस्यहरु हुनेछ ।**

२.१ लक्षित सामुदायका लागी सुरक्षित अवधी सहीतको उपयुक्त आवासको स्वामित्व प्राप्त गर्न सहयोग गर्ने ।

क. जमिन तथा आवास खरिद गर्ने आर्थिक पहुँचको सुनिश्चितता गर्ने ।

ख. आवास सुधारको लागी आर्थिक पहुँचको सुनिश्चितता गर्ने ।

२.२ लक्षित सामुदायको आधारभुत सामाजिक तथा भौतिक पुर्वधारमा पहुँच स्थापित गर्न सहयोग गर्ने ।

२.३ लक्षित सामुदायलाई आर्थीक अवसरहरु प्राप्त गर्न सहयोग गर्ने ।

क. स्वरोजगार व्यवसाय सुरु गर्ने आर्थीक पहुँचको सुनिश्चितता गर्ने ।

ख. व्यवसायिक तालीम प्राप्त गर्न आर्थीक पहुँचको सुनश्चितता गर्ने ।

ग. आय आर्जनको निमित्त व्यवसायिक दक्षताको लागी सहयोग गर्ने ।

२.४ साझेदार संस्था तथा शहरी गरिब सामुदायलाई सेवा प्रदान गर्न सबल बनाउने ।

क. कोषलाई स्थानिय स्तरमा स्थापना गर्नको लागी साझेदार संस्था र सामुदायीक संस्थाहरुको निम्ति तालीम तथा अभिवृद्धि गर्ने कार्यक्रमहरुको आयोजना गर्ने ।

ख. लक्षित सामुदायसंग सहकार्य गर्ने साझेदारी संस्थाहरुलाई आर्थिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराउने

ग. साझेदार संस्था तथा अरु यस्तै प्रकारका संस्थाहरु बिच ज्ञान तथा अनुभव आदान प्रदान गर्ने ।

२.५ लक्षित सामुदायको जिवनस्तरमा सुधार ल्याउन आर्थिक तथा सामाजिक विकासको लागी उपयुक्त वातावरणको सृजना गरी गरीबी न्युनिकरणको लागी मदत गर्ने ।

२.६ उल्लेखित उद्देस्यहरु पुरा गर्ने अन्य कार्यहरु गर्ने ।

## परिच्छेद – ३
## ऋणको परिचालन

**३. निर्धारित उदेश्य हासिल गर्नको लागी निम्ननुसारको कार्यविधी अपनाउनेछ ।**

३.१ यस कोषबाट लाभान्वित हुने वर्गमा कोषको विनिमयमा उल्लेखित गरिएका "लक्षित समुह" जीतपुरसिमरा उपमहानगरपालिका भित्र बसोबास गर्ने २४ वटै वडा भित्र शहरी गरिबी अन्तर्गत माग्ने, सुकुमबासी अव्यस्थित बसोबास गर्ने विपन्न वर्ग, कमजोर आर्थीक अवस्था भएका व्यञ्चित वर्ग, शहरी क्षेत्रमा विभिन्न ठाँउमा छरिएर बसेका गरिब वासिन्दाहरु दलित सामुदायहरु, भाडामा बस्ने गरिबहरु, आर्थिक अवस्था कमजोर भएका विभिन्न अनौपचारीक क्षेत्रमा कार्यरत कामदारहरु पर्नेछन ।

३.२ लाभान्वित वर्गमा परेका कुनै पनि समुह वा सामुदायलाई यस कोषबाट देहाय बमोजिमको सहयोग उपलब्ध गराउन सक्ने छ ।

क. ऋण

ख. आंशिक ऋण

ग. अनुदान

**३.३ ऋणको परियोजनाः** सुरक्षित आवासको हकमा निम्नानुसारको समुदाय वा समुहलाई यो ऋण प्रदान गर्न सकिनेछ।

१. कुनै पनि सरकारी योजना बाट प्राभावित भई उठीवास भएको सामुदाय ।

२. तुरुन्तै बैकल्पिक व्यवस्था गर्न आवस्यक नभए पनि बारमबार बस्ती उठाउन सुचना आई रहेको र सो सामुदायको लागी सोही ठाँउमा बसोबासको ग्यारेण्टीको लागी वकालत गरी बसोबासको सुव्यवस्था गर्न सरकारबाट जग्गा उपलब्ध गराउने निर्णय गरिएको सामुदाय ।

३. पहिले देखी बसोबास गर्दै आएको तर बस्न योग्य नभएको तुरन्त बस्ती सार्नु पर्ने आवश्यकता (दैविक प्रकोप) अत्यन्त जरुरीको रुपमा निवेदन आएको सामुदाय ।

४. सरकारको तर्फबाट कुनै किसिमको बाधा व्यवस्था नआएको तर वस्तीमा बसोबास गर्नेहरु स्वंयमले सुरक्षित आवासको लागी अन्यत्र बसोबास गर्ने ईच्छा भई निवेदन गर्न आउने समुह वा सामुदाय ।

५. जीतपुरसिमरा उपमहानगरपालिका भित्रका २४ वटै वडा भित्र छरिएर रहेका रैथाने, आदीबासीहरु संगठीत भई सुरक्षित आवासको व्यवस्थाको लागी निवेदन गर्ने समुह वा सामुदाय ।

**३.४ आय आर्जनको हकमा**

जीतपुरसिमरा उपमहानगरपालिकाका २४ वटै वडा भित्रका यस कोषको कार्यक्षेत्र भित्र परेका सबै व्यक्ति वा समुहहरु कम्तीमा ५ जनाको समुह बनाई संगठीत रुपमा वडा, स्थानिय संस्था (CBO'S) को सिफारीसमा शहरी गरिबी समुदायको सहकारी संस्थाबाट आय आर्जनका लागी ऋण, माग गर्न आएको समुहहरु ।

**३.५ आधारभुत भौतिक पुर्वधार सुधारको हकमा**

साधन र स्रोतको उपलब्धता र प्राथमिकताको आधारमा टोल सुधार समिती वा समुदायमा आधारीत संस्था (CBO'S) को नेतृत्वमा ऋण वा आंशिक अनुदान सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद –४
## ऋण तथा अनुदान

**४. कोषबाट उपलब्ध गराईने ऋण तथा अनुदान**

क. जग्गा खरिद, घर निर्माण तथा सुधारको लागी वार्षिक ५ प्रतिशत व्याज दरमा ऋण उपलब्ध गराउने ।

ख. सडक, गोरेटोबाटो, पानी आपुर्ति, ढल तथा बिजुली आदी जस्ता भौतिक पुर्वधार निमार्णको लागी ३ प्रतिशतमा ऋण उपलब्ध गराउने । ऋण भुक्तानीको अवधी सामुदाय र कोषको सहमतीमा निर्णय गर्ने ।

ग. शौचाल्य निमार्ण तथा सुधार र अन्य सरसफाईका लागी ०% प्रतिशतका दरले ऋण उपलब्द गराउने ।

घ. आय – आर्जन, सिप विकास, स्व रोजगारी सिर्जना तथा अभिवृद्घी दर र उत्पादन वृद्घीका कार्यक्रको लागी स्व–रोजगार ऋण बार्षिक ३ प्रतिशतका दरले आंशिक ऋण उपलब्ध गराउने ।

ङ. व्यवसायिक तालिम तथा उधमी तालिमको लगाी बार्षिक ३ % व्याज दरमा आँशिक ऋण दिने ।

च. कोषको नाममा प्राप्त भएको रकमबाट १५% सम्म प्रशासकीय तथा सहजकर्ताको लागत (Facilitation Cost) मा खर्च गर्न सकिनेछ ।

छ. बाँकी रकम मध्ये ६० % ऋण, १५ आँशिक ऋणमा र १० % सम्म अनुदान खर्च गर्न सकिनेछ ।

**४.१ ऋण लिन अपनाउनु पर्ने प्रकृयाहरु**

**४.२ आवाश निर्माणको हकमा**

क. वास्तविक सुकम्वासि, अव्यवस्थित बसोबास वा कहींकतै घर जग्गा नभएको शहरी गरीबी परिवार हो भन्ने प्रमाण सहित सम्बन्धीत वडाको सिफारिस लिई शहरी सामुदायीक सहयोग कोषमाम निवेदन दिनु पर्नेछ ।

ख. निवेदन दिने व्यक्ति वा समुहलाई सामुहिक बचत गरेको कम्तीम ६ महिना पुगेको हुनु पर्नेछ ।

ग. वास्तविक सुकम्बासीहरुले आवास निमार्णको लागी कमतीमा १० परिवार मिलेर बसोबास गर्ने गरी निवेदन गरेको हुनु पर्ने छ ।

घ. निवेदकहरुले कहाँ कती जग्गाको लागी कती कती लागत सम्मको जग्गा खरिद गर्ने सो जग्गामा बनाउन लागिएको घरको नक्शा समेत तयार गरी निवेदन संगै पेश गरेको हुनुपर्नेछ ।

ङ. निवेदन गर्ने समुहले कम्तीमा ३ पुस्तासम्मसंगै रहने प्रतिबद्घता भएको हुनुपर्नेछ ।

च. ऋण भुक्तानी गर्ने पदतीको निक्यौल गर्नुपर्नेछ र उक्त पद्दतिको बारेमा निवेदनमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

छ. सो निवेदनको आधारमा कोषबाट अनुगमन गरि उचित ठहरिएमा मात्र ऋण प्रदान गर्न सकिने छ ।

ज. उठिवास भईसकेको परिवारहरुको लागी कोषबाट नै जग्गा खरिद गरी घरहरु निर्माण गरिदिन सक्ने छ र त्यसको लागी असुली किस्ताबन्दीमा गर्न सकिने छ ।

**४.३ आय आर्जन तथा आधारभुत भौतिक सुधारको लागी लिने ऋण सम्बन्धमा :-**

क. कुनै पनि समुह वा सामुदायलाई अती आवसकीय कार्यको पहीचान तथा विश्लेशण गर्नु पर्ने ।

ख. बिश्लेशण पश्चात् ऋण भुक्रानी गर्ने पद्दतिको निक्यौल गर्नु पर्ने छ र उक्त पद्दतिको बारेमा निवेदनमा स्पस्ट उल्लेख गर्नुपर्ने छ ।

ग. ऋण भुक्तानि हुन्छ भन्ने विश्वासको आधारमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । ऋण भुक्तानिको लागि स्थानिय स्तरमा कस्तो व्यवस्था मिलाउने र कस्को जिम्मामा ऋण भुक्तानि गर्ने तथा अनुगमनको व्यवस्था कसरी मिलाउने भन्ने बारेमा सपष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ ।

घ. ऋण लिन इच्छुक समुह वा सामुदायले ऋण लिन कार्य गर्ने जिम्मेवार व्यक्तिहरुको सहमतीमा सबैका हस्ताक्षर सहितको निवेदन तयार गरी स्थानिय संस्था वडा वा अन्य कुनै भरपर्दो संस्था (CBO'S) को सिफारिस लिई कोषमा निवेदन पठाउनु पर्नेछ ।

ङ. यसरी प्रक्रिया पुरा गरि पठाएको निवेदनको आधारमा आवश्यक निरिक्षण तथा अनुगमन पश्चात् सचिवालयलाई दिईएको अधिकार भित्र परेमा सचिवालयका पदाधिकारीहरुबाट सधै ऋण प्रदान गर्न सकिन्छ । अन्यथा कोषको कार्य समितिको बैठकबाट निर्णय भए पश्चात सम्बन्द्धित निवेदक समुहलाई ऋण उपलब्ध गाराईनेछ ।

**४.४ ऋण उपलब्ध गराउने प्रक्रियाहरु**

क. निवेदन प्राप्त भएको समुह वा सामुदायले उल्लेखित प्रक्रिया पुरा गरेको छ वा छैन भन्ने सम्बन्धमा निक्यौल गर्ने ।

ख. निवेदनमा उल्लेखित प्रस्तावको सत्य तथ्यको अध्ययन गर्ने ।

ग. निवेदकहरुको समुह र ऋणको लागि सिफारिस गर्ने स्थानिय संस्था (CBO'S) संग भेटघाट तथा बिस्तृत छलफल गर्ने ।

घ. सबै प्रक्रिया पुरा भई ऋण उपलब्ध गराए हुन्छ भनी सम्बन्धित सहजकर्ताबाट सिफारिस भए पश्चातात् सदस्य सचिवलाई दिएको अधिकार भित्र परेमा सचिवालयबाट सिधै ऋण उपलब्ध गराउन सकिनेछ ।

ङ. सदस्य सचिवलाई दिईएको अधिकार भित्र नपरेमा सदस्य सचिवको सिफारिसमा कार्य समितीको बैठकबाट निर्णय भए पश्चात् मात्र ऋण उपलब्ध गराउने ।

**४.५ ऋणको अवधी**

क. जग्गा खरिद गरि आवास निमार्णको लागी प्रदान गरिएको ऋणको अवधी बढीमा ५ वर्षको लागी हुनेछ ।

ख. . जग्गा खरिदको लागी प्रदान गरिएको ऋणको अवधी बढीमा ४ वर्षको लागी हुनेछ ।

ग. घर निमार्णको लागी प्रदान गरिएको ऋणको अवधी बढीमा ३ वर्ष हुनेछ ।

घ. भौतिक पुर्वाधारको विकास निमार्ण तथा मर्मत संभारको लागी प्रदान गरिने ऋणको अवधी बढीमा ३ वर्षको हुनेछ ।

ङ. आयआर्जन तथा आर्थिक अवसर निमार्णको लागी गरिने ऋणको अवधी बढीमा १ वर्षको हुनेछ ।

**४.६ ऋण भुक्तानी**

क. ऋण भुक्तानीको लागी समुह स्वयंनै जिम्मेवार हुनेछन् ।

ख. ऋण असुलीको लागी प्रत्येक व्यक्ति संग किस्ता उठाउने कार्य जिम्मेवार संस्था वा समुहले गर्नु पर्ने छ र निर्धारित समयमा तोकिए बमोजिमको किस्ता कोषलाई बुझाउनु पर्नेछ ।

**४.७ अनुगमन तथा मूल्यांकन :-**

कोषले प्रवाह गरेको ऋण अनुदानको उचित र व्यवस्थित सदुपयोग भए नभएको कोषले आवश्कता अनुसार अनुगमन तथा मूल्यांकन गर्नेछ । यसरी अनुगमन तथा मूल्यांकनमा उचित र व्यवस्तिथ सदुपयोग भएको पाईएमा त्यस्तो व्यक्ति, सामुदाय तथा संस्थालाई प्रोत्साहीत गर्नेछ ।

## परिच्छेद –४
## ऋण असुली सम्बन्धि कार्यविधी

**५. ऋण तथा आशिंक ऋण असुली सम्बन्धित कार्यवीधी :-**

क. सम्झौता पत्रमा तोकिएको शर्त र बन्देज भित्र रही ऋणीहरुले ऋण वा आंशिक ऋण समयमा तिर्नु पर्नेछ । यसरी लिएको वा आंशिक ऋण समयमा नतिरेमा ३ पटकसम्म पत्रचार गरिनेछ ।

ख. ३ पटकसम्म पत्रचार गर्दा समेत ऋण बुझाउन नल्याएमा जिम्मेवार समुह संग बसी छलफल गरी पुनः एक पटक मौका दिईनेछ ।

ग. मौका दिएको समय भित्र पनि ऋण बुझाउन नल्याएमा आवश्यक कार्वाहीको लागी समुहका साथै व्यक्तिको समेत नाम, ठेगाना, सहित सार्वजनिक पत्रिकामा ३५ दिने म्याद दिई ऋण तिर्न आउन सुचना जारी गरिनेछ ।

घ. उल्लेखित म्याद भित्र पनि ऋण तिर्न नल्याएमा आवश्यक कार्वाहीको लागी समुहलाई डाकिनेछ र संचालक समितीको निर्णय अनुसार नेपालको कानुन बमोजिम आवश्यक कार्वाही गरिनेछ ।

**६. सहजता केन्द्रको स्थापना र कार्यहरु**

१. सचिवालयको अभिन्न अंगको रुपमा एक कोष सहजता केन्द्रको स्थापना गरिनेछ ।

२. सामुदायीक कार्यहरुमा साझेदार संस्थालाई तालीम दिनु, कोष व्यवस्थापन तथा सहयोगका विभिन्न क्रियाकलापमा सहयोग गर्नु, उनिहरुलाई व्यवसायिक तथा दक्षता सम्बन्धित विभिन्न तालिमहरु संचालन गर्न सहयोग गर्नु, सहजता केन्द्रका प्रमुख कार्यहरु हुनेछ ।

३. साझेदार संस्थाहरुको लगी तालिम संचालन गर्दा सहजता केन्द्रले संचालन समिती निर्धारण गरेको निती तथा दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

**७. कोषको संचालक समिती**

कोषको संचालक समितीमा देहाय बमोजिमका संस्था प्रतिनीधिहरु रहनेछन ।

क. जीतपुरसिमरा  नगर प्रमुख – अध्यक्ष

ख. जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख प्रसशाकीय अधिकृत – सदस्य

ग. स्थानीय युवा संजालको अध्यक्ष/प्रतिनिधी सदस्य – १ जना

घ. जीतपुरसिमरा उपमहानगरपालिकाका प्रतिनिधी सदस्य – १ जना

ङ. उद्योग वाणिज्य संघ, जीतपुरसिमराका अध्यक्ष/प्रतिनिधी सदस्य – १ जना

च. घरेलु तथा साना उधोग कार्यालयका प्रतिनिधी सदस्य – १ जना

छ. जीतपुरसिमरा उपमहानगरपालिकाको गरिब सामुदायका महिला बचत समुह संस्थाका प्रतिनिधी सदस्य – १ जना

ज. स्थानिय बुद्धिजीवी समाजसेवी प्रतिनिधी सदस्य – १ जना

झ. स्थानिय गरिबी सामुदायमा आधारित संस्था, समुह वा समितीका प्रतिनिधी सदस्य – १ जना

ञ. कोष संचालनको लागि सहजीकरण तथा बिउपुँजी उपलब्ध गराउने गैर सरकारी संस्थाको प्रतिनिधि मध्येबाट अध्यक्षले तोकेको सदस्य सचिव – १ जना

उल्लेखित संचालक समितीलाई राय सल्लाहकार समितीले बढीमा ५ सदस्यि सल्लाहकार समिती गठन गर्न सक्नेछ ।

कार्यविधी उल्लेखित कुनै बुदामा संशोधन वा खारेज गर्नु परेमा कोषको कार्यकारी समितीको बहुमतबाट गर्न सकिनेछ।

आज्ञाले,

डमरु प्रसाद निरौला

प्रमुख प्रशासकीय अधीकृत